स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक


# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



टेलिभिजन रियालिटी शो 'द भ्वाइस किड्स' सिजन ३ को कोचको रुपमा गायिका मिलन नेवारले पनि निरन्तरता पाउने भएकी छन् । योसँगै चारैजना जजको समीकरण पूरा भएको छ । यो सिजनमा अघिल्लोपटक पनि जज रहेका प्रमोद खरेल र नेवारले निरन्तरता पाएका छन् । नयाँ जजको रुपमा पपगायक छेवाङ लामा र मेलिना राई अनुबन्धित भएका छन् । निर्देशक लक्ष्मण पौड्यालले अडिसनबाट ४८ जना छनोट हुने बताए ।

**आजको विचार...**



इन्द्रबहादुर बराल

संघीयता...
(दुई पेजमा)



अभिनेता अनमोल केसी अभिनित फिल्म 'फर्की फर्की' आगामी जेठ १० गतेबाट सार्वजनिक प्रदर्शनमा आउँदैछ । फिल्मको बिहीबार ट्रेलर सार्वजनिक भयो । जसमा उनलाई 'मेघास्टार'को ट्याग दिइएको छ । जुन ट्याग करिब ४ वर्ष अगाडि एक फिल्मको कार्यक्रममा दिइएको थियो । सो समयदेखि अहिलेसम्म उनलाई सोही ट्यागबाट सम्बोधन हुँदै आएको छ । उनी पनि त्यसै रमाउँदै आएका छन् । तर अहिले आएर भने उनलाई त्यो ट्याग अफठ्यारो महशुस हुन थालेको अनुमान गर्न सकिन्छ ।

❑ वर्ष २९ ❑ अंक २६० ❑ २०८१ वैशाख ८ गते शनिबार 20 April 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## सक्षिप्त समाचार

### बस दुर्घटनामा तीनको मृत्यु, ५२ घाइते

**सिन्धुपाल्चोक,** वैशाख ७/ सिन्धुपाल्चोकको त्रिपुरासुन्दरी गाउँपालिका-५ तौथलीको धारावतीमा जन्ती बोकेको बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ ।

दोलखाबाट जन्ती लिएर आउँदै गरेको रोल्वालिङ यातायातको बा ४ ख ५६१६ नम्बरको बस शुक्रबार बिहान दुर्घटना हुँदा तीन जनाको घटनास्थलमै मृत्यु भएको हो । मृत्यु हुनेमा भीमेश्वर नगरपालिका-१ का मानबहादु थामी, शिव श्रेष्ठ र दिपेन्द्र थामी रहेका छन् । बसमा ५५ जना सवार थिए जसमा ५२ जना घाइते रहेका छन् ।

घाइते मध्ये सात जनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ । घाइतेहरूको धुलिखेल अस्पताल र खाडीचौरको सदाबहार अस्पतालमा उपचार भइरहेको छ । बिहीबार परेको पानीले सडक बिगारेका कारण बस अनियन्त्रित भएर सडकबाट एक सय मिटर तल खसेको प्रहरीले जनाएको छ ।

## सन्दर्भ : छन्द दिवस

# मन्द छन्दको सुगन्ध

**छन्दकै कारण कविताको सन्देश जनजिब्रोमा पुऱ्याउन सकिन्छ । विडम्बना, पछिल्लो समयका प्रायः कविले छन्दको प्रयोग छोडेका छन् । जसका कारण छन्दोबद्ध कविताको रचना मन्द हुँदै गएको छ ।**

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख ७/कवितालाई रस र सारयुक्त बनाउने माध्यम हो छन्द । छन्द शास्त्रीय काव्यको महत्वपूर्ण आधार समेत हो । छन्दकै कारण कविताको सन्देश जनजिब्रोमा पुऱ्याउन सकिन्छ । विडम्बना, पछिल्लो समयका प्रायः कविले छन्दको प्रयोग छोडेका छन् । जसका कारण छन्दोबद्ध कविताको रचना मन्द हुँदै गएको छ । नेपाली संगीतमा र्‍याप गीत आएपछि युवामाझ छन्द झन् ओझेलमा परेको महशुस गरिएको छ । छन्द हराउँदै जान थालेपछि साहित्यकारहरुले भने चिन्त व्यक्त गरेका छन् ।




छन्द लेखन र वाचनमा रुचि राख्ने साहित्यकार कमल खत्रीले नेपालमा छन्द कविताको गर्व गर्न लायक लामो इतिहास भए पनि त्यसको प्रयोग घट्दै जानु चिन्ताको विषय भएको बताए । गर्व गरेर छन्दमा कविता लेख्नुको सट्टा छन्द भनेकै बिर्सिन लागेको अवस्था आउनु दुःखद रहेको उनले उल्लेख गरे । 'लेख्नै नजानेर पनि अहिलेको पुस्ताले छन्दमा कविता नलेखेको हो,' खत्रीले भने, 'कविता लेख्दा वा वाचन गर्दा पृष्ठभूमि जोड्दै नयाँ कुरा ल्याएमा राम्रो हुन्छ ।' यसको प्रयोगले काव्यलाई प्रभावकारी, स्तरीय र पाठकलाई सहजै स्पर्श गर्न महत्वपूर्ण भूमिका खेल्दछ । छन्द प्रयोगको पर्याप्त ज्ञान नहुनु, भाव संयोजन गर्न कठिन हुनु जस्ता कुराले नयाँ पुस्तामा छन्दको प्रयोग हुन नसकेको हो कि भन्ने महसुस गर्न थालिएको उनको बुझाई छ । खत्रीले हराउँदै गएको छन्द काव्यलाई जोगाउन नयाँ पुस्तामा छन्दको पर्याप्त ज्ञान दिन आवश्यक रहेको उल्लेख गरे ।

छन्द ज्ञानको पुस्तान्तरण र नयाँ पुस्तालाई हस्तातरण नहुँदा हराउँदै गएको छन्दमा रुचि राख्ने अर्का साहित्यकार इन्दिरा ज्ञवाली बताउँछिन् । उनी भन्छिन् 'छन्द संस्कृतबाट नेपालीमा आएको शब्द हो । पहिले-पहिले संस्कृतमा अध्ययन हुँन्थ्यो, त्यतिबेला छन्दका बारेमा गहिरो अध्ययन गरिन्थ्यो तर आज भोलि संस्कृत शिक्षा नै हराउँदै गयो । यसले गर्दा पनि छन्दको प्रयोग क्रमशः हराउँदै गएको हो ।' अहिले पाठ्यक्रममै छन्दको बारेमा गहिरो गरी उल्लेख नै नगरिएको ज्ञवालीको भनाई छ । छन्द अलि गाह्रो विषय भएकाले पनि धेरै साहित्यकारहरु समय अनुसार सरल, छिटो छरितो रुपमा साहित्यिक रचनामा केन्द्रीत हुने गरेकाले पनि छन्दको प्रयोग मन्द हुँदै गएको उनको बुझाई छ ।

छन्द जोगाउने प्रयास भइरहे पनि समग्रमा छन्दको सुगन्ध मन्द भइरहेको छ । कविता साहित्यमा छन्दको प्रयोग घट्दै गएका कारण पोखराका कवि माधव वियोगीले २०५३ साल वैशाख ८ मा छन्द बचाउ अभियान सुरु गरेका थिए । कवि वियोगीले घोषणापत्र सार्वजनिक गर्दै अभियान सुरु गरेकोमा सोही दिनदेखि हरेक वर्ष वैशाख ८ गते अर्थात् आजकै दिन छन्द दिवसका मनाउन थालिएको हो । नेपाल सरकार पञ्चाङ्ग निर्णायक समितिले पनि वैशाख ८ लाई छन्द दिवसका रूपमा मनाउन सहमति दिएको थियो ।

छन्द भनेको लय हो । सामान्य भाषामा छन्द लय मिलाएर कृति लेख्ने वा वाचन गर्ने तरिका हो । वर्ण र मात्राको गेय व्यवस्था छन्द हो । लय मिलाएर वाचन गरिएका कविता सुन्दा श्रोता मन्दमुग्ध हुन्छन् । नेपाली साहित्यमा आदिकवि भानुभक्त आचार्यको रामायण पनि छन्दमा लेखिएको छ । रामायणमा शार्दुलविक्रीडित र शिखरिणी छन्दको प्रयोग अधिक छ । यी छन्दहरू संस्कृतका छन्द हुन् । पछि लेखनाथ पौड्याल, माधव घिमिरे लगायतले छन्दमा टेवा दिएका थिए ।




## युद्धमा अंग्रेजलाई हराएको खुसियालीमा मनाइयो विजय उत्सव

**बुटवल,** वैशाख ७/बुटवलको जितगढीमा नेपाल-अंग्रेज बीच भएको युद्धमा नेपालले विजय हासिल गरेको खुसियालीमा शुक्रबार विजयी उत्सव मनाइएको छ । १८७२ वैशाख ७ गते जितगढी किल्लामा कर्णेल उजिरसिंह थापा नेतृत्वको नेपाली फौजले अंग्रेज फौजमाथि जित हासिल गरेको थियो । सोही खुसियालीमा बुटवल उपमहानगरपालिकाले एक कार्यक्रमको आयोजना गरी जितगढी विजयी उत्सव मनाएको हो ।



गणेश मन्दिर परिसरमा गोरखाबाट पैदल यात्रा गरी आएको नेपाली सेनाको टोलीलाई स्वागत गरियो । बुटवल उपमहानगरपालिका परिसरबाट बाजागाजासहित निस्किएको झाँकी ऱ्याली पुल्चोक गणेशमन्दिर हुँदै जितगढी किल्लामा पुगेको थियो । जितगढी किल्लामा आयोजित कार्यक्रममा बोल्दै लुम्बिनी प्रदेशका प्रदेश प्रमुख अमिक शेरचनले जितगढी किल्लालाई अन्तर्राष्ट्रिय स्तरमा प्रचार गर्न र पर्यटक आगमनमा जोड दिन आवश्यक रहेको बताए । उनले बुटवलमा रहेको जितगढी किल्ला यस क्षेत्रकै महत्वपूर्ण सम्पत्तिका रुपमा रहेको र यसको संरक्षण र प्रवर्द्धनमा संघीय सरकारले समेत विशेष चासो दिनुपर्ने बताए ।

*(...बाँकी अन्तिम पेजमा)*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## छन्द संरक्षणमा ध्यान देऊ

छन्द शास्त्रीय काव्यको महत्वपूर्ण आधार हो । यसको प्रयोगले काव्यलाई प्रभावकारी, स्तरीय र पाठकलाई सहजै स्पर्श गर्ने हुनाले परम्परादेखि नै हाम्रो पूर्वीय साहित्य–काव्यमा छन्दको महत्वपूर्ण भूमिका रहने गरेको छ । छन्द भनेको कविताको 'लय' हो तापनि परम्परागत रूपमा छन्दले कविताका सबै किसिमको लयलाई नसमेटेर शास्त्रीय नियमअनुसार गण–मात्राको व्यवस्था गरी भावना अभिव्यक्त गर्ने कविताको लयलाई मात्र बुझ्फाउँछ । यद्यपी पछिल्लो समय साहित्य क्षेत्रमा छन्द लोप हुँदै गएको छ । यो अत्यन्त दु:खको कुरा हो । छन्दको संरक्षण गर्ने उद्देश्यले हरेक वर्ष नेपालमा छन्द दिवस मनाउने गरिन्छ । आज पनि विविध कार्यक्रम गरी मनाईंदै छ ।

कविता साहित्यमा छन्दको प्रयोग घट्दै गएपछि कवि माधव वियोगीले वि.सं. २०५३ साल बैशाख ८ गते छन्द बचाउ अभियान सुरु गरेका थिए । छन्दको प्रयोगलाई पुर्नस्थापना गर्ने प्रयत्न स्वरुप कवि वियोगीले अभियान सुरु गरेको दिनलाई नै हरेक वर्ष छन्द दिवसका रुपमा मनाउन थालिएको हो । साहित्यमा काव्य संस्कृतिको रक्षा र छन्द शैलीको उजागर गर्न यो दिवस मनाइन्छ । तर अहिलेसम्म छन्दको न संरक्षण भएको छ न त प्रवर्द्धन नै । पछिल्लो समय साहित्य क्षेत्रमा नयाँ–नयाँ विधाहरुको उदय भएसँगै छन्द विधा ओझेलमा पर्न थालेको महशुस गर्न थालिएको छ । नेपाली साहित्यमा छन्दलाई कविता भन्दा बढी शास्त्रको दर्जा दिइएपनि यो विधा ओझेलमा पर्नु अत्यन्त दुखद् हो । छन्द कवितालाई सनातन वैदिक परम्पराको धरोहरको रुपमा पनि लिइन्छ । छन्दले सत्यमार्गतर्फ उन्मुख गराउँछ भन्ने मान्यता रहेको छ । छन्दकविताको अवलम्बन गर्ने व्यक्ति स्वयम् सदाचारी, शान्तिप्रिय, शीलवान र परोपकारी हुनेतर्क अनुभवी अग्रज छन्द कविहरूले दिने गर्छन् । यसर्थ छन्दको आफ्नै महत्व, र पहिचान रहेकाले यसको संरक्षण र प्रवर्द्धनमा सम्बन्धित निकायले ध्यान दिन जरुरी छ ।

## Opinion @ Social Network

काँध हालेको सल जस्तै हो सम्बन्ध पनि,
जसलाई बेला बेलामा मिलाईरहनपर्छ ।
*(माया थापाको फेसबुक स्टाटस https://www.facebook.com/maya.thapa)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# संघीयता र गणतन्त्रका जरा मकाउन थालेकै हुन् त ?



इन्द्रबहादुर बराल

*आजको खुला राजनीतिक वातावरणको उपयोग गरेर यही व्यस्थाको खिलापमा जनमत निर्माण भइरहेको अवस्था छ । अहिले संघीयता र गणतन्त्रको विरोध गरे पनि अन्तत: लोकतन्त्रलाई पनि यिनीहरूले छाड्लान भन्ने लाग्दैन । गद्दिच्युत भएका ज्ञानेन्द्र शाह पुन: गद्दीआरोहण भएको खण्डमा संघीय लोकतान्त्रिक गणतन्त्र खर्लप्प ननिल्लान् भन्न सकिँदैन । ज्ञानेन्द्र शाह वीरेन्द्र पथ नभई आफ्ना बाबु महेन्द्रको पदचिह्नमा हिंड्न आतुर छन् भन्ने छनक २०६१ माघ १९ मा देखाइसकेका छन् । हाम्रो नेपाली समाजमा एउटा उखान छ 'नपत्याउँदो खोलाले बगाउँछ' भन्ने कुरा त सामान्य व्यक्ति (दुर्गा प्रसाईंले) ले समेत सरकारलाई आच्छुआच्छु बनाए भने पूर्वराजा त २४० वर्षभन्दा लामो बिरासत बोकेको एउटा संस्थाकै रूपमा रहेको मानिस हुन् ज्ञानेन्द्र शाह । त्यसमा पनि राप्रपा उसैको आशीर्वादमा बनेको पार्टीको साथ र सहयोग छ भने साधन स्रोतको खोलो बग्ने प्रबल सम्भावना छँदैछ । पैसाको भेलले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउँछ यसै भन्न सकिँदैन ।*

नेपालीहरूको धेरै ठूलो बलिदानीपूर्ण संघर्ष र योगदानबाट प्राप्त संघीयता र लोकतान्त्रिक गणतन्त्रमाथि अहिले संकट देखापरेको प्रष्ट छ । संघीयता र गणतन्त्रले स्थायित्व लिन नपाउँदै यो स्थिति आउनु विडम्बनापूर्ण हो । यसका पछाडिका कारणहरू खोज्न कतै जानै पर्दैन गणतन्त्रवादीहरूले आफैँभित्र खोजे भेटिन्छ । प्रथम जननिर्वाचित सरकार (२०१५ सालको) अपदस्त हुनुको कारण पनि आफैँभित्र थियो कि भन्ने आशंका गर्ने ठाउँ भेटिन्छ । वि.सं.२००७ को जनक्रान्तिबाट प्राप्त प्रजातन्त्र २०१७ साल पुस १ गते दलहरू बीचको असहमति र असझदारी पनि एउटा प्रमुख कारक तत्व थियो भन्न अब हिचकिचाउनु पर्दैन । नेपालको प्रथम जनक्रान्ति २००७ र २०६२/०६३ को आन्दोलन झट्ट हेर्दा सम्भव नदेखिए पनि नेपालीहरूको राजनीतिक चेतनाले सम्भव बनाएको थियो । तर, अहिले जसरी २०१५ को आमनिर्वाचनबाट गठित प्रथम जनताको सरकार विघटन हुन पुग्यो त्यसरी नै २०६२/०६३ को जनआन्दोलनबाट स्थापित संघीयता र गणतन्त्रको अन्त्य हुने हो कि भन्ने अवस्था नआउला भन्न सकिँदैन । पहिलो जनक्रान्तिले हासिल गरेको प्रजातन्त्रको हत्यासँगै २०१७ पुस १ गते निरङ्कुश पञ्चायती व्यवस्थाको जन्म भएको थियो । अहिलेको संघीयता र गणतन्त्रविरोधी आन्दोलनको लक्ष्य पनि पुन: निरंकुश व्यवस्थातिर केन्द्रित नहोला भन्न सकिँदैन । प्रथम जनक्रान्ति र २०६२/०६३ को जनआन्दोलनका सकारात्मक उपलब्धिमाथि तानाशाहहरूको बक्रदृष्टि लागेको अनुभूति गरिँदै छ ।

प्रथम जननिर्वाचित प्रजातान्त्रिक सरकार अपदस्त हुनुमा महत्वाकांक्षी राजा महेन्द्रको कदमलाई तत्कालीन राजनीतिक दलहरू र स्वयम् सत्तारूढ दल नेपाली कांग्रेसको पनि कमीकमजोर थिएनन् होला भन्न सकिँदैन । अहिलेको राजनीतिक अवस्थाको मूल्यांकन र विश्लेषण गर्दा पनि ठीक त्यस्तै प्रमुख राजनीतिकदलहरू पनि जिम्मेवार देखिन्छन् । मूलत: राजनीतिक प्रणालीका लागि हुनुपर्नेमा सत्ता केन्द्रित भएकाले आज यो अवस्था देखापरेको हो । मौका पर्खेर गौँडा कुर्नेहरू आज आफ्नो सक्कली अनुहार देखाउँदै संघीयता र गणतन्त्र विरुद्ध जनमत निर्माण गरिरहेका छन् । उता, संघीयता र गणतन्त्रवादीहरू आपसमा अविश्वासको खाडल बढाउँदै जाँदा पक्कै पनि मौका कुर्नेहरूलाई सहज हुने निश्चित छ । हुन पनि अहिले संघीयता र गणतन्त्रवादीहरू कमजोर र निरीह देखिँदै छन् भने विरोधी शक्तिहरू सशक्त ढंगले प्रस्तुत भएको पाइन्छ । यस परिस्थितिको सही मूल्यांकन र विश्लेषणका साथ कांग्रेस कम्युनिस्टहरूले आफू समय छँदै नसच्चिए यो व्यवस्था जोगाउन धेरै कठिन हुने देखिन्छ । संघीयता र गणतन्त्र विरुद्ध छर्लङ्ग देखिने गरी जनमत बन्दै गएको प्रष्ट छ । यस अवस्थालाई नजरअन्दाज गर्दै दलहरू 'सुतुरमुर्ग' जस्तै बने भने अवस्था के होला सहजै अनुमान गर्न सकिन्छ । यो सब परिस्थिति निर्माणको मूलत: यिनै संघीयता र गणतन्त्रका हिमायतीहरू नै जिम्मेवार छन् । कांग्रेस कम्युनिष्टहरूले हाम्रा पछाडि अरू शक्तिहरू पनि उदय हुँदै छन् भन्ने हेक्का नराख्नुले आज संघीयता र गणतन्त्रका जराहरू मकाउँदै गएका छन् । एउटा दुर्गा प्रसाईं भन्ने व्यक्ति विशेषले त जनताको मन जितेर आज मेची–महाकालीका सबै जिल्लाहरूमा व्यापक जनलहर ल्याएका छन् । जनताको मन जित्नु सबभन्दा ठूलो कुरा हो जुन दुर्गा प्रसाईंले गरेर देखाइरहेका छन् ।

ठूला–ठूला राजनीतिक दलहरूलाई निस्तेज पार्दै आफ्नो शक्ति प्रदर्शन गरिरहेको अवस्थामा दलहरू निरीह बनिरहेको स्थिति छ । रैथाने राजनीतिक दलहरू (कांग्रेस कम्युनिष्टहरू) किम कर्तव्य बिमुढको अवस्थामा देखिँदै छन् । जुन–जुन जिल्लामा दुर्गा प्रसाईं पुगेका हुन्छन् त्यही–त्यही जिल्लामा मानवसागर नै उर्लिएको देख्न पाइन्छ । यस्तो अवस्थामा दलहरूले आफ्नो शक्ति प्रदर्शन गर्नसमेत हिम्मत गर्न सकेका छैनन् । यसबाट के प्रष्ट हुन्छ भने संघीयता र गणतन्त्रको भविष्य अनिश्चित छ । नेपाली जनताले गरेको ऐतिहासिक योगदानको उचित कदर र सम्मान गर्न परिवर्तनकारी शक्तिहरू चुकेकै हुन् । जसबाट आज यो परिस्थिति निर्माण हुन पुग्यो । राष्ट्रिय स्वतन्त्र पार्टी, राष्ट्रिय प्रजाजन्त्र पार्टी र स्वयम् गद्दीच्युत राजा ज्ञानेन्द्र शाहको सलबलाहट पनि कम छैन । राजनीतिक पार्टीकै शक्तिका रूपमा राष्ट्रिय स्वतन्त्र पार्टीलाई पनि कम आँक्न सकिँदैन । चितवन र तनहुँको उप–निर्वाचनको परिणामबाट छर्लङ्ग छ भयो कि पुराना रैथाने पार्टी कांग्रेस कम्युनिस्टको अब दिन गन्ती सुरु हुँदै छ । तथापि अझै पनि ती पुराना रैथाने दलहरू आपसमा भिडन्त गर्दै गरेको पाइन्छ । रैथाने पार्टीहरूले एक–अर्कोलाई कमजोर बनाउने कामले संघीयता र गणतन्त्रका जराहरू मकाउँदै जाने निश्चित छ । सुरुका दिनमा पञ्चहरूले भने जस्तै मुट्ठिभरका मान्छेहरूले त निर्दलीय पञ्चायतलाई ढालेका थिए । आजको खुला राजनीतिक वातावरणको उपयोग गरेर यही व्यस्थाको खिलापमा जनमत निर्माण भइरहेको अवस्था छ ।

अहिले संघीयता र गणतन्त्रको विरोध गरे पनि अन्तत: लोकतन्त्रलाई पनि यिनीहरूले छाड्लान भन्ने लाग्दैन । गद्दिच्युत भएका ज्ञानेन्द्र शाह पुन: गद्दीआरोहण भएको खण्डमा संघीय लोकतान्त्रिक गणतन्त्र खर्लप्प ननिल्लान् भन्न सकिँदैन । ज्ञानेन्द्र शाह वीरेन्द्र पथ नभई आफ्ना बाबु महेन्द्रको पदचिफनमा हिँड्न आतुर छन् भन्ने छनक २०६१ माघ १९ मा देखाइसकेका छन् । हाम्रो नेपाली समाजमा एउटा उखान छ 'नपत्याउँदो खोलाले बगाउँछ' भन्ने कुरा त सामान्य व्यक्ति (दुर्गा प्रसाईंले) ले समेत सरकारलाई आच्छुआच्छु बनाए भने पूर्वराजा त २४० वर्षभन्दा लामो बिरासत बोकेको एउटा संस्थाकै रूपमा रहेको मानिस हुन् ज्ञानेन्द्र शाह । त्यसमा पनि राप्रपा उसैको आशीर्वादमा बनेको पार्टीको साथ र सहयोग छ भने साधन स्रोतको खोलो बग्ने प्रबल सम्भावना छँदैछ । पैसाको भेलले मानिसलाई कहाँबाट कहाँ पुऱ्याउँछ यसै भन्न सकिँदैन । देश आर्थिक मन्दीले छट्पटिइराखेको अवस्थामा पैसाको प्रभाव कति प्रभावकारी हुन्छ भन्ने कुरा सहजै अनुमान लगाउन सकिन्छ । सर्बसाधारण जनताको मनमा खड्किराखेको आवाजलाई मुखरित गर्दै त्यसको नेतृत्व गरेकाले आज दुर्गा प्रसाईं जन–जिब्रोमा छन् । आफ्नो सम्पूर्ण उर्जाशील उमेर प्रजातन्त्र पुनरप्राप्तिका लागि समर्पित गरेका नेताहरूलाई पाखा पार्दै राजनीतिमा उदाएका नेताहरू जनताको मन/मनमा बस्न सफल भएका छन् ।

हिजो चाहे प्रजातन्त्र पुन:स्थापना होस् वा संघीय लोकतान्त्रिक गणतन्त्रका लागि ठूलो कुर्बानी गरेका किन नहुन उनीहरू आज जनताको नजरबाट गिरेका छन् । रवि लामिछानेको के योगदान थियो र ती प्रजातान्त्रिक होस् वा गणतान्त्रिक आन्दोलनमा माखो नमारेका रास्वपाका सभापति बनेर यति छोटो समयमा हाई हाई भए ? यसको पछाडि कम्युनिष्ट कांग्रेस नामका नेताहरू कुशासन र भ्रष्टाचारका दलदलमा फस्नु वा डुङडुङती गनाउनु नै हो । साथै जनताको जीवनमा कुनै सकारात्मक सुधार नहुनु पनि अर्को कारण हो । यिनै कांग्रेस कम्युनिस्टहरू नै संघीय लोकतान्त्रिक गणतन्त्रका खम्बा (स्तम्भ)हरू मकाउँदै जाँदा स्वभावैले संघीयता र गणतन्त्रका जगहरू कमजोर बन्दै गएका छन् । बढ्दो बेथिति, कुशासन, कमिसनतन्त्र र अनुचित आर्थिक लाभ लिई देशको अर्थतन्त्र धारासायी बनाउने यिनै गणतन्त्रवादीहरूबाट भएको हुँदा सर्वसाधारण नेपाली नागरिकको मानसिकता संघीयता र गणतन्त्र विरोधी हुँदै गएको छ ।

यसर्थ यो यथार्थलाई मनन गर्दै अझै समय छ सच्चिऊन् होइन भने विभिन्न कालखण्डमा नेपाली जनताको बलिदानीपूर्ण योगदानबाट पुन:स्थापित प्रजातन्त्र र संघीय लोकतान्त्रिक गणतन्त्रको भविष्य अँध्यारो बन्दै गएको कुरा कतैबाट छिपाएर छिप्नेवाला छैन । संघीयता र गणतन्त्र पक्षधर शक्तिहरू जनताको नजरबाट गिर्दै गएपछि त्यस पद्धतिको स्थायित्व नहुने निश्चित छ । त्यसैले संघीयता र गणतन्त्रका जराहरू मकाउँदै गएका त होइनन् ? भन्ने चिन्ता र चासो व्यक्त गरिँदै छ । यसको पछाडि खास गरेर परिवर्तनकारी राजनीतिक शक्तिहरूमा मौलाउँदै गएको सत्ता राजनीतिको लिप्सा नै हो । आज त्यसैको कारणले सत्ता राजनीतिको लुछाचुँडीमै दलहरू चुर्लुम्म डुबेका छन् र सत्ता प्राप्तिका लागि जे पनि जसो पनि गर्ने गरेका छन् तर संघीयता र गणतन्त्र खतराको निकट पुगिसकेको कुनै सुइँको नै नपाएझैं गर्दै छन् । यो नै संघीय लोकतान्त्रिक गणतन्त्रका लागि विडम्बना हो ।

***–इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१–५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१–५४१२३३
भैरहवा ०७१–५२०१९९
अर्घाखाँची ०७७–५२११९९
गुल्मी ०७९–५२०१९९
परासी ०७८–५२०१९९
तौलिहवा ०७६–५६००९९
पाल्पा ०७५–५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५–६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१–५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१–५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१–५२०१९३
मिसनअस्पताल पाल्पा ०७५–५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५–५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५–५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५–४११२०१
पिचन्द्र परासी ०७८–५२०१८८
भैरहवा आँखा अस्पताल ०७१–५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७–५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९–५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६–५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१–५४४४५०
बुटवल हस्पितल ०७१–५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१–५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१–५४७८४०
आँखा अस्पताल पाल्पा:०७५–५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५–४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१–५४४६००
लियो क्लब अफ बुटवल ०७१–५४५८९३
रेडक्रस भैरहवा०७१–५२०२६३
रेयुकाई भैरहवा ०७१–५२६६७३,९८४७०२२४६४
परासी ०७८–५२०१२५
रेडक्रस पाल्पा ०७५–५२०६००
रेडक्रस तौलिहवा ०७६–५६००१५
रेडक्रस अर्घाखाँची ०७७–४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९–५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१–५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१–५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६–६९०१०२
रेडक्रस देवदह ०७१–५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५–५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लब तानसेन : ०७५–५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : आर्थिक कारोबारमा मन्दी आउनेछ। घर व्यवहारमा झमेला रहला । | **तुला** : कुनै कुराले मनमा शान्ति छाउला। अचल सम्पत्तिको कारोबार हुनेछ । |
| **वृष** : शुभ कार्यमा सरिक भइनेछ । आफन्तसँग भेटघाट पनि हुनेछ । | **वृश्चिक** : परिश्रम गर्दा धनार्जन हुनेछ। मंगल र शुभ कार्यमा सरिक भइनेछ। |
| **मिथुन** : वशिष्ठ व्यक्तिको साथ पाइनेछ। छोटो दुरीको लाभदायक यात्रा रहला । | **धनु** : मानसिक चिन्ता बढ्नेछ । नयाँ योजना ल्याउन मुस्किल पर्ला । |
| **कर्कट** : सामाजिक कार्यमा मन जाला। कूटनीतिक नियोगको सहयोग मिल्ला। | **मकर** : इनाम र प्रतिष्ठा कमाउने बेला छ । घरमा अतिथिको आगमन हुनेछ। |
| **सिंह** : आफ्नो अधिकार प्राप्तिका लागि संघर्ष गर्नु पर्ला ।शरीरमा आलस्य आउला। | **कुम्भ** : सुखदु:ख बराबरी मध्यम खालको दिन छ । सफल यात्राको योग पनि छ । |
| **कन्या** : दैनिक कार्यमा सफलता पाइनेछ। सामाजिक कार्यमा रुचि बढ्नेछ । | **मीन** : दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । स्वादिष्ट भोजन पाइनेछ । |

# साहित्य दर्पण

कथा — भाउपन्थी

## धर्म अधर्म

सधैँझैँ लवदेवको बा बिहान मन्दिरबाट फर्कनुभयो । बिहानै मन्दिर जाने गर्नुभा'छ उहाँ । एक्लै, कहिलेकाहीँ मात्रै लवदेवकी आमालाई सँगै लग्ने गर्नुभा'को छ । तर लवदेवकी आमालाई धेरैजसो बिसन्चो भइरहन्छ । त्यसैले आमा जान सक्नुहुन्न र बाले पनि जोड गर्नुहुन्न । भन्नुहुन्छ– 'बूढाको पुण्य बूढीलाई पनि भाग लाग्छ । तिमी घरै बस, म मात्रै जान्छु ।' बाले मन्दिर जाँदा अरूलाई साथ लिएर कमै जानुहुन्छ, खलल पुग्छ भन्नुहुन्छ । मन्दिरमा भगवान्को दर्शनपछि उहाँ केहीबेर भजनमण्डलीमा पनि सामेल हुनुहुन्थ्यो । मन्दिरबाट फर्कदा उहाँ प्रसन्नचित्त देखिने गर्नुहुन्छ ।

आज भने अलि उहाँ अँध्यारिएको देखियो । खिन्न र उदास । कारण खुल्न धेरैबेर लागेन । उहाँले सुस्त स्वरमा भन्नुभयो कसैलाई बिनासम्बोधन, 'आज मेरो लौरो हरायो । मेरो प्यारो लौरो ।' यो एउटा स्वगत कथन मात्र थिएन तर थियो उहाँको मनको भित्री व्यथाको सूचना । लवदेवले यो सुन्यो । मन्दिरबाट फर्केपछि पहिलोप्रथम बाले उसैलाई प्रसाद स्वरूप टीका लगाइदिनुहुन्थ्यो र चिरञ्जीवी हुनु भन्नुका साथै अरू आशीर्वाद पनि दिनुहुन्थ्यो । बाको हात शीतल हुन्थ्यो र लवदेवले टीका थापेपछि मनभित्र शान्ति अनुभव गर्थ्यो । आज उसले बाको आशीर्वादका शब्द सुन्न पाएन । बाले टीका लगाइदिने तत्परता देखाउनुभएन । उहाँ सुस्त देखिनुभो र मनमा अज्ञात चोट परेजस्तो मुद्रामा कमेचमाथि बसिरहनुभो । उठ्ने उपक्रम गर्नुभएन । बुहारीले भित्रबाट ल्याएर अगाडिको चिया टेबलमा राखिदिएको स्टिलको कपको चिया खाने उत्साह पनि देखाउनुभएन । बुहारी पनि लवदेवको छेउमा गएर उभिई र बाको शोकमग्न मुखाकृति टोलाएर हेरिरही । लौरो हराएको सूचना भनिसकेपछि बा केही बेर आँखा चिम्लेर बस्नुभो ।

भित्र मानसमा लौरोको चित्र आइरह्यो होला । लवदेवलाई पनि राम्रो लागेन । लौरो बाको प्रिय वस्तु थियो । अभिन्न साथीजस्तो भइसकेको थियो । घरभित्र लौरोसँगै बा पसेपछि उहाँले लौरो ऱ्याकको छेउमा जतनसाथ ठड्याएर राख्नुहुन्थ्यो । लौरो आज हरायो । लवदेवले खटाउन नसकेर सोध्यो, 'कसरी हराएछ ।' बाले चिम्लिएका आँखा सुस्तरी खोल्नुभो । बाका गालाहरूमा मुजा परेका थिए, त्यहाँ गहिरा धर्का देखिन्थे । आँखावरिपरिका छाला चाउरिएका थिए । बाको उमेरअनुसार त्यस्तो हुनु स्वाभाविक थियो । तर आज लौरो हराएकाले उहाँको मुखाकृति झन् उदास देखिएको थियो । मुजा र चाउरीहरू झन् गहिरा र तिनलॆ बाको अनुहार कोपरिरहेका जस्ता देखिने भएका थिए । बाले लवदेवको प्रश्नमा सुस्तरी आँखा खोलेर उसलाई गहिरो गरी हेनुभो । कुनै किसिमको अपजसे प्रश्न गरेछु कि भनेर लवदेव झस्क्यो । बाले सन्तानलाई हप्काउनुहुन्नथ्यो तर बाको हेराइ यस्तो बिझ्ने खालको हुन्थ्यो, हेराइ खानेले स्वतः चाल पाउँथ्यो उसले गल्ती गऱ्यो– कामले वा वचनले वा दुवैले । तर यस पटक बाको हेराइ लाचार देखियो । 'मन्दिरभित्र पनि बूढाबूढीको सामान चोरिएला भन्ने मलाई कहिल्यै लागेको थिएन । म भजनतिर लागेँ । तर के गर्नु, आज मेरै लौरो चोरियो मन्दिरजस्तो पवित्र ठाउँमा ।' बाको भनाइ वेदनापूर्ण थियो । बाले कसैमाथि शङ्का लागेको प्रकट गर्नुभएन । मात्र चुप बसिरहनुभो । वरिपरि, बुहारी र लवदेवलाई पनि उदास छायाले छोपेजस्तो भयो । लौरो भन्नु बाले किनेको होइन । आमाले बाका लागि माघ महिनाको स्वस्थानी मेलामा शाली नदी गएको बेला किनिदिनुभएको थियो । लौरो टेकेर हिँड्ने मन थिएन बालाई । 'लौरो टेकेर हिँड्ने भएको छैन क्या म ।' बाले आमाले दिएको लौरो हातमा लिँदै मुस्कानसहित प्रतिवाद गर्नुभएको थियो । आमा पनि बाका अगाडि उभिएर लौरो बाकै हातमा दिइसकेपछि भन्नुभो, 'बुढेसकालमा हातको शोभा । हिँड्नुको शोभा । बूढाबूढीले लौरो साथमा लिएर हिँडेको सुहाउँछ ।' त्यसको जबाफमा बाले केही भन्नुभएन । लवदेव, बुहारी र नाति शम्भु पनि रमाए । बाको हातमा लौरो आयो । बा अब लौरो टेकेर हिँड्नुहुन्छ ।

यस्तो भनाइ थियो उनीहरूको । लौरो दुई अम्मल मोटो बेँतको थियो, रङ पहेँलो र टुप्पो हँसियाभन्दा बढी खुम्राइएको । 'हलुङ्गो रैछ,' बाले हातले लौरो उचालेर तौलँदै भन्नुभाथ्यो । फेरि उभिएर लौरोले टेक्दै भन्नुभाथ्यो, 'बलियो पनि छ । दरो के । आडभरोस भएको । बूढाहरूलाई चाहिने यस्तै लौरा हुन् ।' तर आज लौरो हरायो । बाको विचारमा त्यो चोरिएकै हो । मनमा हरि नभएकाले छड्काएछ । कसलाई चाहिएको थियो ? वा कुनै गँजेडीभँडेडीले सस्तैमा बेचेर काम चलाउने पो हो कि ? बाको धारणामा लौरोको मूल्य पैसाले होइन त्यसको उपयोगिताले थियो । साथी जस्तै मान्नुहुन्थ्यो लौरोलाई । आमाले पनि भनिराख्नुहुन्थ्यो, बा कतै जान तयार हुँदा, 'लौरो नबिर्सनुहोला ।' लौरो कहाँ छ ? कुनै कुना फालिएको होला। कसैले कुकुर पिट्न प्रयोग गरिरहेको होला ? यस्तो सोचेर बा चिन्तित हुनुभो यद्यपि लौरो निर्जीव वस्तु थियो । तर भन्नुभो, 'लौरो भनेर भएन, मलाई असाद्धे माया लाग्ने वस्तु हो त्यो नि ।' लवदेवले समर्थनमा टाउको हल्लायो यद्यपि उसलाई इङ्गित गरेर बाले त्यसो भन्नुभएको थिएन । तर कोठामा ऊ र बा मात्रै थिए । बुहारी भित्र पकाउनतुल्याउन गइसकेकी थिई । आमा भित्र पूजाकोठामा पूजा गर्नैमा व्यस्त हुनुहुन्थ्यो । आमाको पूजा लामै चल्थ्यो ।

भित्रबाट टिङरिङटिङरिङ घण्टी नबजेसम्म आमाको पूजा सकिएको थाहा पाइँदैनथ्यो । आमाका कानमा बाको लौरो हराउको सूचना परेछ । बुहारीले भनिहोला । सधैँभन्दा चाँडै पूजा सकेर आमा बाहिर आउनुभो । 'कसरी हरायो ?' आमको प्रश्न थियो, उत्सुकताले हराउनुको कारण खोजी गर्ने प्रश्न । लौरो हराउनुको कारण थिएन । एउटै कारण थियो, चोरिएको हुनुपर्छ । मन्दिरमा पनि चोरी ? यही प्रश्न उठ्थ्यो तर त्यसको कुनै समाधान थिएन । मन्दिर परिसरबाट अनेक चीज हराएका हुन्छन् । मन्दिरबाट मूर्ति त चोरी हुन्छ भने ? लौरो त के चीज हो र ? बाले यसमा चित्त बुझाउनुभएन, भन्नुभो, 'हैन, मूर्ति चोरिनु भनेको एक थोक तर लौरो जस्तो त्यो पनि दुईचार वर्ष पुरानो भइसकेको हराउनु भनेको अर्को थोक ।' आमाले थपमा यत्ति भन्नुभो, 'अर्को थोक भए पनि चोरी त चोरी नै हो ।' लवदेवले भन्यो, 'अर्को किन्नुपर्ला । नभई नहुने जस्तो भइसक्यो बुवालाई ।' बाले टाउको हल्लाउनुभो असहमतिमा । टाउको सुस्तरी हल्लाउनुभो, यो नठानियोस् उहाँको प्रत्येक कुरामा असहमत हुने बानी छ । असहमति जनाउँदा उहाँ अलि नरम व्यक्तित्व भएको देखिन चाहनुहुन्थ्यो । त्यसैले टाउको झड्कालेर होइन भन्ने देखाउनुको सट्टा टाउको बिस्तारै 'न' मा हल्लाएर अहमति जनाउनुहुन्थ्यो । यस पटक पनि उहाँले त्यसै गर्नुभो । बिस्तारै भन्नुभो, 'त्यो त किनौँला तर नयाँ र पुरानोमा फरक भइहाल्छ । पुरानो भनेको पुरानै हो र नयाँ भनेको नयाँ ।' यो भनाइले खासै केही सिद्ध हुँदैनथ्यो तापनि सबैले मौन रहनु नै उचित देखे । लौरो बाको हराएको थियो र उहाँको भनाइलाई सबैले सर्वोपरि मान्यता दिएको देखाउनु पनि थियो । प्रतिवाद गर्दा बाको चित्त अझ दुखित हुने सम्भावना थियो । सबैले विचार पुऱ्याए, मौन बसे । चिया सेलाइसकेको थियो । बुहारीले भित्र उभिएर कुरा सुनिरहेकी जस्तो लाग्यो । ऊ आएर स्टिलको कप उठाएर लगी । खानाको समय नजिकिँदै थियो त्यसैले अर्को चिया ल्याऊँ भनेर सोधिन । बालाई पनि चिया पिउने इच्छा मरिसकेको रहेछ । नत्र कहिलेकाहीँ बाले अर्को एक कप तातो चिया भनेर फुर्माइस गर्नुहुन्थ्यो ।

आज त्यतातिर कसैको ध्यान गएन । सबै मौन बसे मानौँ लौरो हराएकोमा केही बेर अर्थात् दुई मिनेट मौन बस्ने प्रण गरेजस्तो देखियो । आज बाले खान के गर्नुहुने हो ? एउटा अर्को साइडको चिन्ता यो थपिएको थियो । खाना नखाएर भोकै के बस्ने एउटा जाबो लौराका लागि ? राति पनि निद्रा परेन होला बालाई । तर बिहान सधैँझैँ उहाँ उठ्नुभो । नुहाइधुवाइ सकिवरि मन्दिर जान तयार हुनुभो । लौरो त हराएकै थियो । लौरो टेकेर हिँडे पनि नटेके पनि ठमठमती हिँड्न सक्नुहुन्थ्यो बा । लौरो ल्याएकै दिन पनि भन्नुभाथ्यो, 'लौरो नभए पनि हिँड्न सकेकै हुँ । तर लौरो भएपछि अझ भर भयो ।' लवदेवले निश्चय गऱ्यो लौरो आजै किनेर ल्याउनुपर्ला तर पुरानो जस्तै नपाइए भोलि । आज अफिस जाने समय हुन लाग्दासम्म उसको मन उज्यालो भइरहेको थिएन । तै एउटा अनौठो कुरो यो भयो, मन्दिरबाट बा आज अलि चाँडै फर्कनुभो । लवदेव अफिस जाने समय भएको थिएन, हातमा एक कप चिया लिएर टोलाएर बसेको थियो । नाति शम्भु स्कुल बसमा गइसकेको थियो । बा घरभित्र प्रवेश गर्नुभो, हाँस्दै । अनुहार पनि उज्यालो थियो सधैँझैँ । मुखाकृतिका चाउरी र मुजा यथास्थान सरिसकेका थिए । कालो चायाँ जस्तो छायाँ हटेको थियो । बाको हातमा उही लौरो थियो । उहाँले भुइँमा लौरो ठ्याकठ्याक पार्दै टाठो स्वरमा भन्नुभो, 'लौरो भेटियो नि । उही हिजोकै ठाउँमा उसरी नै ठड्याएर छाडेको रहेछ ।' सबै खुसी भए । घरभित्र गुम्म परेर बसेको उदासीनताको कालो छायाँ स्वाट्टै हरायो । घर पूरै छयाङ्ङै उज्यालो भयो । बाले हाँस्दै भन्नुभो, 'अझै धर्म हराएको रहेनछ ।'

**-समकालीन साहित्य डटकम**

---

निबन्ध — कृष्णप्रसाद पराजुली

## साकुराको देशबाट मातृभूमिको सम्झना

> *भूगोल अनुसार मानिसको रङ, भाषा, धर्म, संस्कृति र कला फेरिंदो रहेछ तर प्रकृतिसँगको साइनो वा सम्बन्ध भने नफेरिने रहेछ । त्यही प्रकृतिसँगको साइनो वा सम्बन्धले भौतिक रूपमा टाढा हुँदा पनि आफू जन्मेको, आफू हुर्केको गाउँ, ठाउँ, माटो, हावा, पानी र त्यहीको परिवेशसँग जोड्दो रहेछ । भूगोलबाट जति टाढा हुँदै गयो उति आफ्नो मातृभूमिको भूगोलसँग रमाउन मन लाग्ने रहेछ । त्यसैले त होला आज यो मन आफ्नो भौतिक शरीरलाई साकुराको शीतल छहारीमा आफैसँग राखेर प्रशान्त महासागर पारि त्यो प्यारो मातृभूमिको सम्झनामा बहकिएको छ । आज बाध्यताले निकै टाढा पुऱ्याएको छ । मातृभूमिबाट अलग बनाएको छ । आफ्नो माटोबाट सम्बन्ध विच्छेद्य बनाएको छ । तर यो मन भने यस्तो चिज रहेछ जसले त्यो जन्मथलो र त्यहाँका सम्झनाहरूलाई बिर्साउन नसक्दो रहेछ । त्यही गाउँ, त्यही कुवा, त्यही चौतारीहरूमा र त्यही डाँडापाखा र वन जङ्गलहरूमा यो मन निरन्तर घुम्दो रहेछ ।*

यतिबेला मौसमको उमङ्ग छ । मौसमसँगै फूलको उमङ्ग छ । सिरसिर हावाको बहावसँगै खुलेको निलो आकाश आफैमा मनमोहक छ । शिशिरको सिरेटोमा कुहिरोको घुम्टो ओढेर बसेकी प्रकृति मुसुक्क लजाउँदै आफ्नो बैँस देखाउन तम्सिएकी छन् । चिरबिर चराहरूको मिठो ध्वनिमा गुञ्जने वातावरणमा भर्खर टुसा पलाउँदै गरेका रुखका पातहरूसँग एकछिन बसेर साक्षात्कार गरिरहूँ जस्तो लाग्ने मौसमले सबैलाई लोभ्याउने बेला छ । अर्थात् यति बेला ऋतुराज वसन्त ऋतुको उत्साह छ । साना ठूला पार्क मानिसहरूले भरिएका छन् । बच्चाबच्चीहरू रमाइरहेका छन् । मानिसहरू आ-आफ्नो झुन्डमा साकुराको बोटमुनि बसेर मिठा मिठा परिकार खाँदै 'हानामी' पर्व मनाइरहेका छन् । बाटो, गल्ली, पार्क, जङ्गल र यत्रतत्र यति बेला रङ्गीबिरङ्गी साकुरा फुलेको छ । हो, यति बेला 'जापान' अर्थात् साकुराको देशमा 'साकुरा' एक प्रकारको पैयुँ फुल्ने सिजन छ । जापानीहरू आफ्नो जीवनलाई साकुराको जीवनचक्रसँग तुलना गर्छन् । जसरी साकुरा फूलको सौन्दर्य वर्णन गर्न नसकिने हुन्छ, तर त्यो सुन्दरता निकै छोटो समय मात्र रहन्छ र पात पलाउन थालेपछि घट्दै जान्छ । मानिसको जीवन पनि त्यस्तै हो । साकुराको फूल जस्तै निकै सुन्दर छ तर निकै छोटो । सुन्दर तर क्षणभङ्गुर जीवनको यही वास्तविकतालाई बुझेर हामीले जीवनका प्रत्येक पल बाँच्न सक्नुपर्छ भन्ने सन्देश साकुराले दिन्छ । र, जापानीहरू साकुराको सौन्दर्यमा आफ्नो जीवनको सुन्दरता समाहित गर्ने गर्छन् र सुन्दर प्रकृतिप्रति नतमस्तक भएर घरपरिवारका सदस्यहरू तथा साथीभाइहरू भेला भई अति उमङ्गपूर्ण उत्सवको रूपमा 'हानामी' अर्थात् साकुरा पर्व मनाउने गर्छन् । प्रकृतिप्रतिको जापानीहरूको लगाव ज्यादै छ ।

प्रकृतिलाई नै भगवान मान्ने उनीहरूले प्रकृतिसँग नजिक भएकै कारण लामो आयु बाँच्न सफल पनि छन् । फूल, रुख, जङ्गल, बोटबिरुवालाई निकै माया गर्छन् जापानीहरू । उनीहरूबाट सिकेको कुरा के हो भने प्रकृतिसँगको समीप्यताले हामीलाई जीवन जिउने कला सिकाउँदो रहेछ । हावासँग लय मिलाउन, आकाशजस्तै शिर उँचो बनाउन, बादल जस्तै गडगडाउन, पानी जस्तै बग्न, माटो जस्तै मिल्न, ढुङ्गाजस्तै अडान राख्न सबै प्रकृतिले नै सिकाउँदो रहेछ हामीलाई । त्यसैले त प्रकृति वास्तवमै सुन्दर छ । न कुनै स्वार्थ, न कुनै लोभ, न कुनै ईर्ष्या प्रकृतिसँग त्यस्तो केही नहुँदो रहेछ । केही गुमाउनु पर्ने र केही पाउनु पर्ने पनि नहुँदो रहेछ प्रकृतिसँग । भूगोलले सम्बन्धलाई टाढा वा नजिक बनाउने रहेछ । भूगोलअनुसार मानिसको रङ, भाषा, धर्म, संस्कृति र कला फेरिंदो रहेछ तर प्रकृतिसँगको साइनो वा सम्बन्ध भने नफेरिने रहेछ । त्यही प्रकृतिसँगको साइनो वा सम्बन्धले भौतिक रूपमा टाढा हुँदा पनि आफू जन्मेको, आफू हुर्केको गाउँ, ठाउँ, माटो, हावा, पानी र त्यहीको परिवेशसँग जोड्दो रहेछ । भूगोलबाट जति टाढा हुँदै गयो उति आफ्नो मातृभूमिको भूगोलसँग रमाउन मन लाग्ने रहेछ । त्यसैले त होला आज यो मन आफ्नो भौतिक शरीरलाई साकुराको शीतल छहारीमा आफैसँग राखेर प्रशान्त महासागर पारि त्यो प्यारो मातृभूमिको सम्झनामा बहकिएको छ । आज बाध्यताले निकै टाढा पुऱ्याएको छ । मातृभूमिबाट अलग बनाएको छ । आफ्नो माटोबाट सम्बन्ध विच्छेद्य बनाएको छ । तर यो मन भने यस्तो चिज रहेछ जसले त्यो जन्मथलो र त्यहाँका सम्झनाहरूलाई बिर्साउन नसक्दो रहेछ । त्यही गाउँ, त्यही कुवा, त्यही चौतारीहरूमा र त्यही डाँडापाखा र वन जङ्गलहरूमा यो मन निरन्तर घुम्दो रहेछ । गाउँमा दुःख भयो भनेर सुख खोज्दै शहर पसेका हामीहरूलाई सपनीमा पनि त्यही माटो, हावा, बाटो र पखेराहरूको यादले दिनरात सताउँदो रहेछ । जिन्दगीमा आँखाले देख्ने सुख भन्दा मनको सुख नै आनन्ददायी हुँदो रहेछ । सायद यो मनको सुख र भौतिक शरीरको सुख मापन गर्ने औजार फरक फरक हुन्छ क्यारे । त्यसैले त आज समय फेरिएको छ, समाज फेरिएको छ, मान्छे फेरिएका छन्, तर जन्मेर हुर्केको त्यो ठाउँ र गाउँसँगको सम्झना र सम्बन्ध कदापि फेरिएको छैन । मानसपटलमा दिगो, अविस्मरणीय र ताजा बनेर बसेको छ । त्यो जन्मेको माटोसँग साक्षात्कार गर्न नपाएको पनि कयौँ समय बितेछ ।

त्यो प्रकृतिसँग लडीबुडी गर्न नपाएको त बर्षौं बितेछ । सोच्छु गाउँमा गाईबाख्रा चराउन जाने र दाउरा खोज्न जाने त्यो वनमा पनि त साकुराजस्तै लटरम्म लालीगुराँस फुलेर राताम्मे भयो होला । बारीको छेउमा फुलेको पैयुँ र आरुको बोटले यौवन पुष्पित बैँस देखाउन नपाएर छटपटाइरहेको होला । त्यो बाटो, त्यो माटो, त्यो घर अनि त्यो आँगनले यही ज्यानको खोजी गरिरहेको होला । ऐँसेलु, काफल र तिजुले बनभरी मेरै बाटो हेर्दै होला । काफल पाक्यो-काफल पाक्यो भनेर गाउँदै उड्ने चरीले काफल पाकेको सन्देश गाउँभरि छर्दैछ होला । यो एक्लोपन, यो अत्यास र यो छटपटीले झन् त्यही गाउँ र त्यही गुराँसको याद दिलाउँछ बारबार । र, स्वरसम्राट नारायणगोपालले गाउनु भएको 'म त लालीगुँरास भएछु, बनैभरी फुलिदिन्छु मनैभरी फुलिदिन्छु' गीतको सुमधुर आवाजमा विलीन हुँदै रङ्गीबिरङ्गी फुलेका गुराँसको फेदमा बसेर यताको हानामीमा रमाए जस्तै बाल्यकाल बेलाको 'वनखाजा' खाने रहर पलाउँछ । मलाई थाहा छ आज ती गाउँका बन र पाखाहरूमा प्रकृतिको मनमोहकतामा रमाउने मान्छेहरूको गुलजार छैन । ढुङ्गा र खरले छाएका, रातो माटो र सेतो कमेरोले चिटिक्क पारेर पोतिएका घरहरूमा आज भँगेरा र गौंथलीको गुँड लाग्न छाडेको छ । खण्डहर भएका घरहरूले आफ्नो अस्तित्व जोगाउन हामीसँगै हारगुहार गर्दै छन् । तुलसीको मठ वरिपरि बनमारा र तीतेपातीको झार लागेर झाडी बनेको छ । लैनो भैँसी, गाई र हल गोरुहरूले भरिभराउ हुने गोठहरूमा भ्यागुता र मुसाको साम्राज्य चलिरहेको छ । कुहकुहु गर्दै कराउने कोइली चरीको पीडा सुनिदिने कोही छैन । बारीमा फुलेको पहेँलपुर तोरीमा भुनभुन गर्दै भुनभुनाउने माहुरीको सङ्गीतमा रमाउने जमात आज गाउँमा छैन । त्यसैले त ती रमाइला र गुलजार गाउँहरू आज खण्डहर र उजाड बन्दै छन् । आज गाउँ शहर पसेको छ ।

शहर गाउँ पसेको छ । न 'गाउँ' गाउँ जस्तो बनेको छ, न 'शहर' शहर जस्तो । यता शहर भद्रगोल र अस्तव्यस्त छ । उता गाउँ सुनसान छ । यी र यस्तै तिता यथार्थमा उभिएर म भन्न बाध्य छु सबै थाहा हुँदाहुँदै पनि म गाउँ फर्कन किन सकिरहेको छैन ? किन त्यो प्रकृतिसँग रमाउन सकिरहेको छैन ? किन मातृभूमिको काखमा बसेर स्वच्छ हावा फेर्न पाइरहेको छैन ? उत्तर छोटो छ, किनकि बाध्यता छ । भोको पेटको बाध्यता, अभावको बाध्यता, जिम्मेवारीको बाध्यता, समयको बाध्यता र केही रहरको बाध्यता । तर पनि यो मनलाई भने शहर र विदेशको आलिसान सुखभन्दा त्यही गाउँको माटोको मायाले बारबार बाँधेर राखेको छ र मनमा अनेक सपनाहरू बनेर बसेका छन् । माछापुच्छ्रे हिमालको काखबाट मिर्मिरे उज्यालोसँगै छरिने घामका किरणहरू ठोक्किएर सुन्दर देखिने ती पाखापखेरा र डाँडाहरू हेर्दै घरको सिँढीमा बसेर भुटेका मकै र मोही खाने रहर छ । करेसाबारीमा मेहनतले फलाएको अर्गानिक तरकारी र ढिँडोको स्वाद लिने उत्कट अभिलाषा छ । गोधुली साँझको सिरसिर बतासमा अगेनाको छेउमा परिवारसँग बसेर लैनो भैँसीको दूध कराइमा तताउने सपना छ । नजिकैको बनमा साथीभाइहरूसँग रमाइलो गर्दै घिउ हालेको भात बनाएर 'वनखाजा' खाने योजना छ । र, एक दिन त्यो गाउँलाई फेरी पनि गुलजार बनाउनु छ । त्यसैले त साकुराको देशबाट सम्झँदै गर्दा स्वर्गीय राष्ट्रकवि माधवप्रसाद घिमिरेले रचना गर्नुभएको यो गीतले बारबार मनमा घोचिरहन्छ : *'लाग्दछ मलाई रमाइलो मेरै पाखा पखेरो हिमालचुली मुन्तिर पानी भर्ने पँधेरो । सम्झन्छु म हिउँचुली आँसुको ढिका खसाली यो बिरानो मुलुकमा बस्दैन मन बसाली ।'* **-साहित्यपोस्ट डटकम**

# छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु



**गल्याङ (स्याङ्जा),** वैशाख ७/देशका विभिन्न स्थानमा भएका छुट्टाछुट्टै घटनामा तीन जनाको मृत्यु भएको छ । स्याङ्जा, दाङ र बागलुङमा भएका छुट्टाछुट्टै घटनामा परी तीन जनाको अकालमै ज्यान गएको हो ।

आगलागी र रुखबाट लडेर तीन जनाको मृत्यु भएको प्रहरीले जनाएको छ । शुक्रबार स्याङ्जाको बिरुवा गाउँपालिका-७, कुमेरदुङ बस्ने ७४ वर्षीय रेउसरी गुरुङको आगो निभाउने क्रममा जलेर मृत्यु भएको छ । बारीमा कोदोको बिउ राख्नलाई पात-पतिङ्गर जलाउने क्रममा जंगलमा आगो सल्किएपछि उक्त आगो निभाउन खोज्दा गुरुङको जलेर मृत्यु भएको जिल्ला प्रहरी कार्यालय स्याङ्जाले जनाएको छ । गुरुङको घटनास्थलमै मृत्यु भएको हो । प्रहरीले घटनाका सम्बन्धमा अनुसन्धान गरिरहेको जनाएको छ । यस्तै दाङमा आगलागीबाट एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा लमही नगरपालिका-९ तरुलियाका ८७ वर्षीय वीरबहादुर बोटे रहेको जिल्ला प्रहरीले कार्यालयले दाङले जनाएको छ । बिहीबार राति बोटेको गोठमा लागेको आगो फैलिएर घरसम्म पुगेको थियो । घरमा आगो लागेको थाहा पाएपछि वीरबहादुर नगद तथा अन्य सामग्री निकाल्न घरभित्र पसेका थिए । त्यहीबेला आगोले जलेर उनको मृत्यु भएको प्रहरीले जनाएको छ । आगोले वीरबहादुरको घर गोठ तथा उनका भतिजा हुकुमबहादुर बोटेको घर जलेर नष्ट भएको छ । उता बागलुङमा घाँस काट्ने क्रममा रुखबाट खसेर एकजनाको मृत्यु भएको छ । जिल्लाको निसीखोला गाउँपालिका-४ खाडचौरका ३५ वर्षीय नारायण सुनारको रुखबाट खसेर शुक्रबार बिहान मृत्यु भएको हो । बिहान बाख्रालाई घाँस काट्नका लागि घर नजिकैको जंगलमा गएका सुनारको रुखबाट सिँचाइ नहरमा खस्दा गम्भीर घाइते बन्न पुगेका थिए । घाइते सुनारलाई आफन्त र छिमेकीले उद्धार गरी बुर्तिबाङस्थित प्राथमिक स्वास्थ्य केन्द्रमा लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो ।

# युद्धमा अंग्रेजलाई हराएको...

...नगर प्रमुख खेलराज पाण्डेयले बुटवलको जितगढी किल्लालाई महत्वपूर्ण सम्पदाका रुपमा प्रवर्द्धन गरिरहेको बताउँदै नेपाल अंग्रेज युद्धका नायक उजिरसिंह थापालाई राष्ट्रिय विभुति घोषणा गर्न संघ सरकारसँग माग गरे । उनले किल्लाको संरक्षणका साथसाथै पर्यटकीय स्थलका रुपमा स्थापित गर्न नगरले भरपूर प्रयास गरिरहेको समेत बताए । उपप्रमुख सावित्रादेवी अर्यालले बुटवलको सम्पत्तिका रुपमा रहेको जितगढी किल्लाको संरक्षण र प्रवर्द्धननमा सबैको साथ जरुरी रहेको बताइन् ।

कार्यक्रममा प्रदेश सभा सदस्य भोजप्रसाद श्रेष्ठ, बुटवल उद्योग वाणिज्य संघका अध्यक्ष हरिप्रसाद अर्याललगायतले बुटवलमा रहेको जितगढीको प्रवर्द्धन र प्रचार-प्रसारमा तीब्रता आएको र यसलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । कार्यक्रममा जितगढी किल्लाको प्रवर्द्धनमा योगदान पुऱ्याएको भन्दै अध्येताहरु निर्मल श्रेष्ठ, विमलबहादुर शाक्य, गोपालप्रसाद लाकौल, पत्रकारहरु महेन्द्र थापा, शरण कर्माचार्य, दिनेश श्रेष्ठ, आम्दा अस्पतालका मेसु डा. विनोद पराजुली, लुम्बिनी प्रादेशिक अस्पतालका मेसु डा. सुदर्शन थापा, झपेन्द्र जिसी, कुलबहादुर केसी, क्याप्टेन किसनबहादुर थापा, गंगाबहादुर क्षेत्री, जगत पौडेल, मनोज गौचन, महेन्द्र राजभण्डारी, माधव नेपाल, जमदार माधव पौडेललाई सम्मान गरिएको थियो ।

जितगढी उत्सवका अवसरमा जितगढी उत्सव मूल समारोह, गोरखादेखि पैदलयात्रामा आएको नेपाली सेनाको टोलीलाई स्वागत तथा पैदल यात्रा समापन कार्यक्रम भएको छ । नेपाल आक्रमणमा आएको अंग्रेज सेनालाई पराजित गरेको दिनको स्मरण गर्दै हरेक वर्ष बैंशाख ७ गते ऐतिहासिक स्थल जितगढी किल्लामा विजयोत्सव मनाउने गरिन्छ । १८७२ वैशाख ७ मा अंग्रेज सेनामाथि नेपाली सेनाले विजय प्राप्त गरेको दिन पारेर बुटवल उपमहानगरपालिकाले हरेक वर्ष विजयोत्सव मनाउँदै आएको हो ।

## सर्पले टोकेको अवस्थामा ध्यान दिनुपर्ने कुराहरु ।

- सर्पले टोकेका व्यक्ति आत्तिन सक्छन्, सान्त्वना दिऔं,
- सर्पले टोकेका व्यक्तिलाई तुरुन्त अस्पताल वा सर्पदंश उपचार केन्द्र पुऱ्याऔं,
- सवारी साधनमा घाईतेलाई बसाएर सर्पले टोकेको ठाउँलाई मिलेसम्म मुटुको सतहभन्दा तल पारी लैजाऔं,
- गलत परम्परागत उपचार विधि (झारफूक) तिर नलागौं,
- आफ्नो नजिक सर्पदंश उपचार केन्द्र कहाँ छ ? जानकारी राखौं,
- आफ्नो घर वरिपरी झाँडी नराखौं र सधैं वातावरण सफा राखौ ।



लुम्बिनी प्रदेश सरकार

**गृह मन्त्रालय**

राप्ती उपत्यका (देउखुरी), नेपाल

खेलकुद समाचार

## युएईसँग नेपाल ६ विकेटले पराजित



**काठमाडौं,** वैशाख ७/नेपाल एसीसी प्रिमियर कप टी-२० प्रतियोगिता २०२४ को पहिलो सेमिफाइनल खेलमा युएईसँग ६ विकेटले पराजित भएको छ । योसँगै एसिया कप खेल्ने नेपालको सपना पनि समाप्त भएको छ । १२० रनको लक्ष्य युएईले १७.२ ओभरमा ४ विकेट गुमाउँदै फाइनलमा स्थान पक्का गऱ्यो । युएईका ओपनर अलिशान शराफुले ४१ बलमा ५ चौका र २ छक्कासहित ५५ र आयन खान ३ रनमा नटआउट रहे ।

कप्तान मोहम्मद वासिम ११, विष्णु सुकुमारन २८, आसिफ खान १० र सैइद हैदर १४ रनमा आउट भए । नेपालका गुलशन झाले २, ललित राजवंशी र सोमपाल कामीले १/१ विकेट लिए । त्यसअघि ओमानको मस्कटस्थित अल अमरेत क्रिकेट मैदान १ मा टस हारेर पहिला ब्याटिङको निम्तो पाएको नेपालले २० ओभरमा ९ विकेट गुमाउँदै ११९ रन बनाएको थियो । सन्दीप जोराले ४० बलमा ४ चौका र २ छक्कासहित सर्वाधिक ५० रन बनाएका थिए । ओपनर कुशल भुर्तेल शून्य, आसिफ शेख ८, कप्तान रोहित पौडेल ५, कुशल मल्ल ३, दीपेन्द्रसिंह ऐरी ५ र सोमपाल कामी २ रनमा आउट हुन पुगेका थिए । तल्लोक्रममा करण केसीले १२ बलमा २ छक्कासहित १७ तथा गुलशन झा १५ बलमा १ चौका र १ छक्कासहित २० रनमा आउट भएका थिए । युएईका जुनैद सिद्दिक, बासिल हामिद र अली नासिरले २-२ विकेट लिए । ओमैद शफी रहमान, आयन खान र मोहम्मद फारुकले १-१ विकेट लिए । योसँगै टी-२० विश्वकपपछि हुने एसिया कपमा भारत र पाकिस्तानसँग खेल्ने नेपालको सपना पनि समाप्त भएको छ । गतवर्षको एसीसी प्रिमियर कपको फाइनलमा नेपालले युएईलाई ७ विकेटले हराउँदै एकदिवसीय एसिया कपमा भारत र पाकिस्तानसँग खेलेको थियो । नेपाल समूह 'ए' बाट ४ खेलमा अपराजितका साथ शीर्षस्थानमा रहेर सेमिफाइनल खेलेको थियो । यहिँ मैदानमा नेपालले २०२२ मा आईसीसी टी-२० विश्वकप छनोट ए को सेमिफाइनलमा पनि युएईसँग हारेको थियो ।


वर्गिकृत डिस्प्ले

१ X ५ साइजमा मात्र

वर्गिकृत डिस्प्लेमा विज्ञापन दिनुहोस् व्यवसाय बढाउनुहोस् ।

सम्पर्कः ०७५-५२०६०१


अर्थ/कर्पोरेट समाचार

## सात सयले बढ्यो सुनको मूल्य




**पाल्पा,** वैशाख ७/नेपाली बजारमा सुनको भाउ अझै बढ्दो क्रममा छ । स्थानीय बजारमा पहेँलो धातुका मूल्य शुक्रबार पनि उकालो लागेको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार, छापावाला सुन प्रतितोला सात सय रुपैयाँले उकालो लागेको हो ।

बिहीबार प्रतितोला एक लाख ३८ हजार छ सय रुपैयाँमा कारोबार भएकामा शुक्रबारका लागि भने एक लाख ३९ हजार तीन सय रुपैयाँ निर्धारण भएको छ । यस्तै तेजाबी सुन बिहीबार तोलामा एक लाख ३७ हजार नौ सय ५० रुपैयाँमा कारोबार भएकामा बढेर एक लाख ३८ हजार छ सय ५० रुपैयाँ निर्धारण भएको छ । त्यस्तै चाँदीको मूल्य भने सामान्य गिरावट भएको छ । बिहीबार प्रतितोला एक हजार सात सय २५ रुपैयाँमा कारोबार भएकामा घटेर एक हजार सात सय २० रुपैयाँ निर्धारण भएको छ ।

अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ ।


मनको आवाज.............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी .कम
www.shittalpati.com
डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई